Silver Jubilee
YUGAAWHAN NATIONAL DAILY ESTD : 2057
25th RAJAT JAYANTI 2082

कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

वर्ष: २६ | अंक: ६७ | वि.सं. २०८३ | असार | ५ | शुक्रवार | नेपाल संवत: ११४५, | ज्येष्ठ शुक्ल पञ्चमी | Friday | 19 | June | 2026 | yugaawhan@gmail .com | पृष्ठ: ४ | मूल्य: ५ ।-


### ११ महिनामा कर्णालीको बजेट खर्च जम्मा ३६ प्रतिशत

# एक महिनामा ६३ प्रतिशत बजेट कार्यान्वयको दवावमा सरकार

"अब प्रदेश सरकारको संचित खातामा २१ अर्ब १५ करोड ८० लाख ४९ हजार एक सय ४५ रुपैयाँ बराबरको बजेट मौज्दात छ।




**◣ओम शाही ।**
**सुर्खेत, ४ जेठ ।**

कर्णाली प्रदेश सरकारले ११ महिनाको अवधिमा कुल बजेटको ३६.२६ प्रतिशत कार्यान्वयनमा ल्याएको छ। चालु आर्थिक वर्ष २०८२/०८३ को ११ महिना अर्थात जेठ मसान्तसम्म कुल बजेटको ५०.६४ प्रतिशत चालुतर्फ खर्च गरेको सरकारले पूँजिगततर्फ भने जम्मा २७.७० प्रतिश बजेट खर्च गर्न सकेको छ।

यो अघिल्लो आर्थिक वर्षको तुलनामा झण्डै पाँच प्रतिशतले कम हो। चालु आर्थिक वर्ष सकिन एक महिना बाँकी रहदा प्रदेश सरकारको बजेट आधा पनि कार्यान्वयन भएको छैन। चालु आर्थिक वर्षको वार्षिक नीति, कार्यक्रम तथा बजेट कार्यान्वयन गर्न सरकारले ३३ अर्ब १९ करोड ३६ लाख ५५ हजार बराबरको बजेट ल्याएको थियो।

बैशाख मसान्तसम्म कुल बजेटको २९ प्रतिशत अर्थात्, नौ अर्ब ६३ करोड ५१ लाख ४९ हजार रुपैयाँ खर्चेको सरकारले जेठ महिनमा मात्रै कुल बजेटको ७.१७ प्रतिश बजेट खर्चेको छ। प्रदेश लेखा नियन्त्रक कार्यालय सुर्खेतले उपलब्ध गराएको तथ्यांक अनुसार जेठ मसान्तसम्म चालुतर्फ ६ अर्ब ३७ करोड ८७ लाख ८० हजार ६ सय ६७ र पूँजिगततर्फ पाँच अर्ब ५३ करोड ६१ लाख २५ हजार एक सय ८७ रुपैयाँ गरी कुल १२ अर्ब ३५ करोड ६० लाख ५८ हजार ५४ रुपैयाँ खर्चेको छ।

यो चालुतर्फ ५०.६४ र पूँजिगततर्फ २७.७० प्रतिशत खर्च भएको बजेट हो। अब प्रदेश सरकारको संचित खातामा २१ अर्ब १५ करोड ८० लाख ४९ हजार एक सय ४५ रुपैयाँ बराबरको बजेट मौज्दात छ। जसमा १४ अर्ब बढी विकास बजेट छ। प्रदेश सरकारलाई अब एक महिना अर्थात असार मसान्तसम्म झण्डै ६३.७४ प्रतिशत बजेट कार्यान्वयनको दवाव छ।

बार्षिक नीति तथा कार्यक्रम कार्यान्वयन अघि सारिने बजेट कार्यान्वयनको अवस्था कमजोर भएको यो पहिलो पटक भने होइन। प्रदेश स्थापना भएदेखि सरकारले चालु आर्थिक वर्षसम्म कुल दुई खर्ब ६४ अर्ब २४ करोड बजेट प्रस्तुत गरेको छ। तर, विनियोजनको तुलनामा औँसतमा चालुतर्फ ६४.५७ र पूँजीगततर्फ ५५.३९ प्रतिशत खर्च भई समग्रमा ५८.९२ प्रतिशत बजेट कार्यान्वयन हुने गरेको तथ्यांकले देखाउँछ।

गएको १ असारमा आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेट प्रस्तुत गर्दै आर्थिक मामिला तथा योजना मन्त्री राजिवविक्रम शाहले चालु आर्थिक वर्षमा ६३.५२ अर्थात २० अर्ब ९६ करोड २० लाख बजेट खर्च हुने दावी गरेपनि यो लक्ष्य पुरा गर्न निकै कठिन जस्तै छ। हरेक वर्ष प्रदेश सरकारको बजेट देखिने गरी फागुन महिनाबाट खर्च हुन सुरु हुन्छ।

सालबसाली योजनाहरु असार मसान्तसम्म सम्पन्न गरिसक्नु पर्ने भएकाले आर्थिक वर्षको अन्तिममा निर्माण व्यवसायीले एकै पटक भुक्तानीको प्रक्रिया थाल्दा बजेट खर्चको ग्राफ बढी देखिने गरेको हो। चालु आर्थिक वर्षमा सरकारले बजेट खर्चको अंक ८० प्रतिशतको हाराहारीमा पुऱ्याउने लक्ष्य राखेको थियो। तर, बजेट कार्यान्वयनको अवस्था हेर्दा मुस्किलले ५० प्रतिशत पुग्ने देखिन्छ।

२३-२४ भदौको जेन-जी आन्दोलन र मध्यपूर्वको युद्धले इन्धन तथा निर्माण सामग्रीमा बढेको अस्वभाविक मूल्यको असर पूँजिगत बजेट कार्यान्वयनमा परेपछि सरकारको अपेक्षित लक्ष्य कुनै पनि हालतमा पुरा नहुने सरकारी अधिकारीहरु नै बताउँछन्। इन्धनको मूल्यवृद्धिले कालोपत्रे गर्न आवश्यक पर्ने बिटुमिन लगायतका निर्माण सामग्री अभावले सालबसाली योजनासमेत प्रभावित हुँदाको सिधा असर विकास बजेट कार्यान्वयनमा परेको निर्माण व्यवसायी महासंघ कर्णाली प्रदेशका महासचिव मानव बम बताउँछन्। उनले मूल्यवृद्धिको असरले सरकारको झण्डै ६० देखि ७० प्रतिशत विकास बजेट कार्यान्वयन गर्ने निजी क्षेत्रले सम्झौता अनुसार काम गर्न नसकेको बताए।

## यस्तो छ मन्त्रालयगत खर्चको अवस्था

कर्णालीमा सडक, पुल, सार्वजनिक भवन लगायतका ठुला पूर्वाधार विकास गर्ने जिम्मेवारी पाएको भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयसँग चालु आर्थिक वर्षमा कुल ११ अर्ब एक करोड २१ लाख बजेट छ।

बिडम्बना भौतिक मन्त्रालयले ११ महिना अर्थात जेठ मसान्तसम्म तीन अर्ब ६ करोड ७३ लाख मात्रै बजेट खर्च गरेको छ। यो कुल बजेटको २७.८५ प्रतिशत हो। त्यस्तै, समाजिक विकास मन्त्रालयमा कुल पाँच अर्ब ७७ करोड ५६ लाख बजेट रहेकोमा जेठ मसान्तसम्म दुई अर्ब ५४ करोड नौ लाख अर्थात ४२.५४ प्रतिशत बजेट खर्च भएको छ।

जलस्रोत तथा ऊर्जा विकास मन्त्रालयमा चालु आर्थिक वर्षका लागि तीन अर्ब ८३ करोड ११ लाख बजेट छ। यो मन्त्रालयले हालसम्म मुस्किलले एक अर्ब ६० करोड ८३ लाख अर्थात ४१.९९ प्रशित मात्रै बजेट खर्च गरेको छ। भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले कुल दुइ अर्ब ५७ करोड ११ लाख बजेट मध्ये हालसम्म ६९ करोड २७ लाख बजेट खर्च गरेको छ। कृषि मन्त्रालयले ११ महिनाको अवधिमा कुल बजेटको २६.९४ प्रतिशत मात्रै बजेट कार्यान्वयनमा ल्याएको हो।

दुई अर्ब ४२ करोड ७९ लाख कुल बजेट रहेको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले कुल बजेटको ३७.५५ प्रतिशत मात्रै खर्च गरेको छ। यस मन्त्रालयले जेठ मसान्तसम्म ९१ करोड १७ लाख मात्रै बजेट कार्यान्वयनमा ल्याएको छ। त्यस्तै, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका लागि ४४ करोड २४ लाख बजेट रहेकामा कार्यान्वयन भने १९ करोड ३५ लाख अर्थात ३१.७५ प्रतिशत भएको छ।

कुल २० करोड १३ लाख बजेट रहेको आर्थिक मामिला तथा योजना मन्त्रालयले चालु आर्थिक वर्ष सकिन एक महिना बाँकी रहदा ११ करोड ६ लाख रुपैयाँ खर्च गरेको छ। अर्थ मन्त्रालयले हालसम्म कुल बजेटको ५४.९५ प्रतिशत बजेट कार्यान्वयनमा ल्याएको हो।

## नेपाल-भारत सीमामा तीन महिने संयुक्त सर्वेक्षण, ४२ नयाँ सीमा स्तम्भ निर्माण

**◣युग संवाददाता**
**बाँके, ४ असार ।**

नेपाल-भारत सीमा क्षेत्रमा रहेका सीमा स्तम्भहरूको अवस्था अध्ययन, अभिलेखीकरण तथा मर्मतसम्भारका लागि सञ्चालन गरिएको तीन महिने संयुक्त फिल्ड सर्वेक्षण सम्पन्न भएको छ। सर्वेक्षणका क्रममा ४२ वटा नयाँ सीमा स्तम्भ निर्माण गरिनुका साथै १०९ वटा सीमा स्तम्भको मर्मतसम्भार गरिएको छ।




नेपाल-भारत सीमासम्बन्धी द्विपक्षीय सहमतिअनुसार परिचालित फिल्ड सर्वेक्षण टोली नम्बर-३ ले नवलपरासीको त्रिवेणीघाटदेखि बर्दियाको कर्णाली क्षेत्रसम्म फैलिएको सीमारेखामा प्राविधिक अध्ययन सम्पन्न गरेको हो। टोलीले सीमा स्तम्भहरूको अवस्थिति यकिन गर्ने, हराएका तथा क्षतिग्रस्त स्तम्भहरूको विवरण संकलन गर्ने तथा अभिलेख अद्यावधिक गर्ने कार्य गरेको थियो।

टोलीको कार्यक्षेत्र नवलपरासी, रूपन्देही, कपिलवस्तु, दाङ, बाँके र बर्दिया गरी छ जिल्ला भए पनि यस चरणमा मुख्य रूपमा बाँके, दाङ र कपिलवस्तु जिल्लामा सीमा स्तम्भ निर्माण तथा मर्मतसम्भारको कार्य सम्पन्न गरिएको छ।

नापी विभागका प्रमुख नापी अधिकृत खिम रानाका अनुसार नेपाल र भारत दुवै पक्षको सहकार्यमा ४२ वटा नयाँ सीमा स्तम्भ निर्माण गरिएको छ भने १०९ वटा सीमा स्तम्भको मर्मतसम्भार गरिएको छ। तीमध्ये बाँके जिल्लामा मात्रै ३५ वटा नयाँ सीमा स्तम्भ निर्माण भएका छन्। साथै नेपालतर्फ ४९ र भारततर्फ ४६ गरी कुल ९५ वटा सीमा स्तम्भको मर्मतसम्भार सम्पन्न गरिएको छ।

सीमा व्यवस्थापनलाई आधुनिक प्रविधिसँग जोड्ने उद्देश्यले सीमा स्तम्भहरूलाई भू-उपग्रह (जीपीएस) प्रणालीमा आबद्ध गर्ने तयारीसमेत गरिएको छ। यसका लागि नवलपरासीको बर्दघाट, कपिलवस्तुको तिलौराकोट, दाङको लमही र बाँकेको कालाबञ्जरमा मुख्य मापन केन्द्र स्थापना गरी ७२ घण्टासम्म निरन्तर जीपीएस अवलोकन गरिएको थियो।

प्रमुख नापी अधिकृत रानाले नेपाल र भारत दुवै पक्षको सहकार्यमा सीमा स्तम्भलाई भू-उपग्रह प्रणालीसँग आबद्ध गर्ने लक्ष्यअनुसार विभिन्न स्थानमा मुख्य मापन केन्द्र स्थापना गरी ७२ घण्टासम्म निरन्तर अवलोकन गरिएको जानकारी दिए। भविष्यमा सम्पूर्ण सीमा स्तम्भलाई जीपीएसमा आधारित प्रणालीसँग जोड्ने लक्ष्यअनुसार सहायक मापन केन्द्र स्थापना गर्न आवश्यक स्थानहरूको छनोटसमेत सम्पन्न गरिएको जनाइएको छ।

फिल्ड सर्वेक्षण सम्पन्न भएसँगै नेपाल-भारत सीमासम्बन्धी संयुक्त सुरक्षा संयन्त्रको समीक्षा बैठक नेपालगञ्जमा आयोजना गरिएको थियो। बैठकमा नेपालतर्फ बाँके, दाङ, कपिलवस्तु र नवलपरासीका प्रमुख जिल्ला अधिकारी तथा भारततर्फ श्रावस्तीसहित सम्बन्धित जिल्लाका अधिकारीहरूको सहभागिता रहेको थियो। सशस्त्र प्रहरी बल नम्बर ३० गण बागेश्वरीका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक भीमबहादुर चन्दका अनुसार बैठकले सीमा स्तम्भहरूको अवस्था, मर्मतसम्भारको प्रगति, पुनर्निर्माण तथा आगामी कार्ययोजनाबारे विस्तृत समीक्षा गरेको छ।

तीन महिनासम्म सञ्चालन गरिएको यस अभियानले नेपाल-भारत सीमाको व्यवस्थापन, अभिलेखीकरण तथा सुरक्षालाई थप व्यवस्थित, प्रभावकारी र प्रविधिमैत्री बनाउन महत्वपूर्ण आधार तयार गरेको सम्बन्धित अधिकारीहरूले बताएका छन्।





विश्वभरी एकै पटक इ-पेपरका लागि
www.yugnews.com
facebook
https://www.facebook.com/yugnews
यहाँ स्क्यान गर्नुहोस् ।
Job Karnali
:- Jobkarnali.com
Tender Karnali
:- Tenderkarnali.com
ebazar
:- ebazar.com
Google Play
yugnews.com

## सम्पादकीय....

# घोषणामै सीमित नहोस पर्यटन दशक

कर्णाली प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/०८४ बाट 'कर्णाली पर्यटन दशक' सुरु गर्ने घोषणा गरेको छ। प्रदेशको आर्थिक रूपान्तरण, रोजगारी सिर्जना तथा स्थानीय समृद्धिको आधारका रूपमा पर्यटन क्षेत्रलाई विकास गर्ने लक्ष्यसहित ल्याइएको यो अवधारणा स्वागतयोग्य छ। प्राकृतिक सौन्दर्य, सांस्कृतिक विविधता, ऐतिहासिक सम्पदा तथा जैविक सम्पत्तिले सम्पन्न कर्णालीलाई समृद्धिको मार्गमा अघि बढाउन पर्यटन क्षेत्र प्रभावकारी माध्यम बन्न सक्छ। तर, विगतका सिकाई र अभ्यासले योजना र घोषणाभन्दा त्यसको प्रभावकारी कार्यान्वयन बढी महत्वपूर्ण हुन्छ। कर्णालीमा रारा ताल, स्यार्पु ताल, कुपिण्डे दह, काँक्रेविहार, बुलबुले उद्यान, चौहान पार्कजस्ता पर्यटकीय गन्तव्यहरू छन्। यिनको संरक्षण, विकास तथा व्यवस्थापनका लागि बजेट विनियोजन गरिएको छ। पर्यटन क्षेत्रको विकास तथा प्रवर्द्धनका लागि प्रदेश सरकारले ५३ करोड ८६ लाख रुपैयाँ बजेट छुट्याएको छ भने प्रमुख पर्यटकीय क्षेत्रका गुरुयोजना कार्यान्वयनका लागि २१ करोड ३५ लाख रुपैयाँ व्यवस्था गरिएको छ। यसले सरकार पर्यटन क्षेत्रलाई प्राथमिकतामा राख्न इच्छुक रहेको संकेत गर्छ।

यद्यपि, कर्णालीमा पर्यटन प्रवर्द्धनको चुनौती केवल बजेट अभावमा सीमित छैन। पहुँच, पूर्वाधार, सेवा गुणस्तर तथा व्यवस्थापनका समस्या अझै कायम छन्। विशेषगरी हवाई यातायातको अवस्था पर्यटन विकासको प्रमुख अवरोध बनेको छ। सुर्खेत विमानस्थल विस्तार तथा स्तरोन्नतिको योजना वर्षौंदेखि संघीय र प्रदेश सरकारका नीति तथा बजेटमा दोहोरिँदै आएको छ। ठूला जहाज सञ्चालन गर्न सक्ने गरी धावनमार्ग विस्तार गर्ने लक्ष्य पटक-पटक घोषणा भए पनि व्यवहारमा उल्लेखनीय प्रगति हुन सकेको छैन। यसले सरकारी योजनाप्रतिको विश्वास कमजोर बनाएको छ। त्यसैगरी हिमाली जिल्लाहरूमा नियमित हवाई उडान सञ्चालनका लागि ल्याइएका सहुलियत कार्यक्रमहरू पनि अपेक्षाअनुसार कार्यान्वयन हुन सकेका छैनन्। घोषणा गरिएका योजना कार्यविधिकै चरणमा अल्झिने प्रवृत्ति अन्त्य नभएसम्म पर्यटन दशकले अपेक्षित परिणाम दिन सक्दैन। कर्णालीजस्तो दुर्गम भूगोलमा पर्यटन विकासका लागि सडक र हवाई दुवै पूर्वाधारको सुधार अपरिहार्य छ।

सकारात्मक पक्ष के छ भने सरकारले पर्यापर्यटन, ग्रामीण पर्यटन तथा होमस्टे प्रवर्द्धनलाई प्राथमिकता दिएको छ। स्थानीय नागरिकको क्षमता विकास, आतिथ्य सेवा, ट्रेकिङ गाइड, मौलिक वास्तुकला तथा रैथाने परिकारसँग सम्बन्धित सीप विकास कार्यक्रमले पर्यटनलाई स्थानीय अर्थतन्त्रसँग जोड्न सहयोग पुर्‍याउन सक्छ। पर्यटनको प्रत्यक्ष लाभ स्थानीय समुदायसम्म पुग्ने व्यवस्था गर्न सकिए मात्र यसको दिगोपन सुनिश्चित हुन्छ। 'कर्णाली पर्यटन दशक' कर्णालीको सम्भावनालाई अवसरमा रूपान्तरण गर्ने महत्त्वपूर्ण अभियान बन्न सक्छ। तर, यसको सफलता आकर्षक नारामा होइन, योजनाको समयबद्ध कार्यान्वयन, पर्याप्त लगानी, निजी क्षेत्रको सहभागिता र संघ-प्रदेश-स्थानीय तहबीचको प्रभावकारी समन्वयमा निर्भर रहनेछ। यसर्थ, अब कर्णालीलाई नयाँ नारा घोषणा होइन, परिणाम दिने काम चाहिएको छ। पर्यटन दशकको योजनालाई प्रभावकारी कार्यान्वयनको चरणमा लैजना सकेमात्रै कर्णालीको पर्यटनबाट समृद्धिको यात्रा तय गर्न सकिन्छ। यसतर्फ सरकारको नेतृत्वले जिम्मेवार बन्न आवश्यक छ।

# दलितलाई बजेट– हात्तीको देखाउने दाँत मात्रै !



हिरा विश्वकर्मा

गएको चैत १ गते एउटा गैरसरकारी संस्थाले हामी केही दलित अधिकारकर्मीहरूसँग रास्वपाका संस्थापक केन्द्रीय सदस्य महेश्वर घिमिरेसँग अन्तरक्रिया आयोजना गरेको थियो।

रास्वपाको केन्द्रीय नेतृत्वले दलित अगुवाहरूसँग उसले आफ्नो वाचापत्रको पहिलो बुँदामा दलितसँग माफी माग्ने सन्दर्भमा लेखिएको भनाइलाई कसरी प्रभावकारी रूपमा लागू गर्न सकिन्छ भन्ने विषयमा सुझाव लिने उद्देश्य राखेको थियो।

करिब २ घण्टा चलेको यो अन्तरक्रियाले हामी वर्षौंदेखि यो अभियानमा लागेका अभियानीहरूलाई एउटा सुखद अनुभूति दिइरहेको थियो।

गत फागुनको चुनावभन्दा अगाडिको आम चुनावमा पनि पार्टीहरूले दलितका सवालमा केही न केही लेख्थे तर त्यसलाई कार्यान्वयन गर्ने बेलामा हामीसँग कुनै खालको संवाद गर्दैनथे। दुई तिहाइको नजिक बहुमत ल्याएको सरकारको पार्टीका संस्थापक केन्द्रीय सदस्यले भने हामीसँग सुझाव खोज्नु आफैमा अनौठो र सुखद थियो।

केन्द्रीय सदस्य, जो आफै शारीरिक रूपमा फरक क्षमताका थिए, उनले आफ्नो अनुभव सुनाउँदै भनेका थिए, 'विभेद के हो भन्ने मैले बुझेको छु र अस्ट्रेलियामा उच्च शिक्षा अध्ययन गर्ने क्रममा त्यहाँको सरकारले त्यहाँका आदिवासीहरूसँग जुन माफी माग्यो, त्यस्तै माफी नेपालका दलितहरूसँग माग्नुपर्ने महसुस गरेको थिएँ। रास्वपाको वाचापत्र लेख्ने मस्यौदा समितिमा भएको हुँदा यो प्रावधान राख्न सफल भइयो।'

सो अन्तरक्रियामा घिमिरेले यो पनि भनेका थिए – हामीले दलित समुदायसँग माफी माग्ने त भन्यौं त्यो किन र कसरी माग्ने, सरकारको कार्यक्रम र बजेटमा कसरी ल्याउने भन्ने कुरामा हामीलाई धेरै ज्ञान नभएको हुँदा तपाईंहरूले हामीलाई सहयोग गर्नुपर्छ।

यो भनाइ सुन्दा हामीलाई लागेको थियो, विगतका पार्टीहरूले भन्दा रास्वपाले दलितका सन्दर्भमा केही क्रान्तिकारी कामहरू गर्नेछ।

पार्टीको वाचापत्रको एक नम्बरको बुँदामा भनिएको छ – दलित समुदायले नेपालको सामाजिक संरचना, राज्यका कानुन, नीति तथा व्यवहारका कारण पुस्तौंदेखि अन्याय, अपमान, शोषण र बहिष्करण भोग्दै आएको छ। परिणाम स्वरूप यो समुदायमा गरिबीको मात्रा र गहिराइ उच्च छ। विशेष सीप, क्षमता र सम्भावना बोकेका समुदायलाई प्रोत्साहन र अवसर दिनुपर्नेमा, उल्टै अछुत व्यवहार र संरचनागत अवरोध खडा गरिँदा समग्र समाज नै सीप, प्रविधि र आधुनिकीकरणको यात्रामा पछि परेको यथार्थ हामी स्वीकार गर्छौं। यस ऐतिहासिक यथार्थलाई आत्मसात् गर्दै नयाँ सरकार प्रमुखको पहिलो सम्बोधनमै दलित तथा पिछडिएका समुदायहरूमाथि भएका जातीय विभेद, अन्याय र बहिष्करणप्रति नेपाल राज्यको तर्फबाट औपचारिक रूपमा क्षमायाचना गर्छौं। संरचनात्मक विभेदको अन्त्यका लागि अझ ठोस कानुनी, नीतिगत र संस्थागत सुधार अघि बढाउँछौं।

नेपालका दलितले खोजेको आफ्ना हालसम्मका सम्पूर्ण समस्याको समाधान यो भनाइमा भेटेका थिए। यही भनाइमा सम्भवतः टेकेर होला, पार्टी सभापति रवि लामिछानेले संसदको पहिलो बैठकमै रोस्ट्रमबाट दलित समुदायसँग हात जोडेर माफी माग्नुभयो।

त्यसले हामी सबैलाई खुसी मात्र नभई गदगद बनायो।

त्यसको केही समयलगत्तै वैशाख २८ गते, राष्ट्रपतिबाट संसदको संयुक्त सदनलाई सम्बोधन भएको नीति तथा कार्यक्रममा दलितसँग माग्ने भनिएको माफीको एक शब्द पनि परेन।

हामीले अपेक्षा गर्‍यौं, अर्थमन्त्रीको बजेट भाषणमा यो कुरा पर्नेछ।

सरकारले आफ्ना शासकीय सुधारको बुँदा नम्बर ५ मा उल्लेख गरेको छ – दलित तथा ऐतिहासिक रूपमा बहिष्कृत समुदायमाथि राज्य, समाज र नीतिगत संरचनाबाट भएका अन्याय, विभेद र अवसरवञ्चनाको औपचारिक स्वीकारोक्ति गर्दै सामाजिक न्याय, समावेशी पुनर्स्थापना र ऐतिहासिक मेलमिलापको आधार तयार गर्न १५ दिनभित्र राज्यका तर्फबाट औपचारिक क्षमायाचनासहित सुधारमुखी कार्यक्रम घोषणा गर्ने।

यो भनाइ आफैमा कति स्पष्ट र आशा जगाउने खालको छ, तर व्यवहारमा के भयो?

राष्ट्रिय दलित आयोगले सर्वपक्षीय, सर्वदलीय तथा प्रायः सबै दलबाट प्रतिनिधित्व गर्ने सांसद र मन्त्री सीता वादीसमेतको उपस्थितिमा भएको छलफल र सहमतिले तयार पारिएको १५ बुँदे सुझाव तथा कार्ययोजना सांसद खगेन्द्र सुनारले अनुरोध गरेअनुसार प्रधानमन्त्री कार्यालयमा पठाइयो। निजामतीतर्फका प्रधानमन्त्रीका स्वकीय सचिवलाई समेत अनुरोध गरेर प्रधानमन्त्रीसँग भेट्ने समय मागियो। तर हप्तौं बित्दा समेत संवैधानिक आयोगको अनुरोध बेवास्ता गरियो।

अब चर्चा गरौं, बजेटमा दलितबारे।

८० बुँदामा समेटिएको २१ खर्ब २४ अर्ब ३४ करोड रूपैयाँको बजेटमा सुरूमा सुन्दा दलितलाई निकै उत्साहित बनाउने बुँदा छ – पाँच वर्षमुनिका दलित बालबालिकाका लागि तीन अर्ब रूपैयाँ छुट्ट्याइएको छ।

बुँदा नम्बर ३४ को 'सामाजिक सुरक्षा प्रणालीलाई थप न्यायोचित र लक्षित बनाउने छौं' मा भनिएको छ – देशैभर दलित बालबालिकाहरूलाई उपलब्ध गराइएको पोषण भत्ता दोब्बर गरी मासिक एक हजार रूपैयाँ बनाउने। मधेस, कर्णाली र सुदूरपश्चिमका २५ जिल्लाका बालबालिकाको पोषण भत्तालाई निरन्तरता दिने।

बुँदा नम्बर ४७ को गुणस्तरीय शिक्षाको (ग) मा भनिएको छ– विद्यालयदेखि उच्च शिक्षासम्मका विद्यार्थी छात्रवृत्तिका लागि ८ अर्ब ६० करोड रूपैयाँ विनियोजन गरिएको छ।

२०५१ सालको भरत मोहन अधिकारीबाट प्रस्तुत बजेटले सुरू गरेको प्राथमिक विद्यालयमा जाने दलित विद्यार्थीलाई दिइने ५० रूपैयाँ छात्रवृत्तिकै निरन्तरता हो। यसमा माध्यमिक विद्यालय जाने दलितलाई स्कुल शुल्क तिरिदिने र उच्च माध्यमिकमा पनि त्यही तथा कलेजमा छात्रवृत्ति दिइने व्यवस्था छ। यो बजेटमा दलित विद्यार्थीका लागि कति रकम छुट्ट्याइएको हो भन्ने त्यति स्पष्ट छैन।

बुँदा नम्बर ४७ (झ) मा भनिएको छ – मानव विकास सूचकांकमा पछाडि परेका समुदायको आधारभूत शिक्षामा पहुँच सुनिश्चित गर्न आवासीय विद्यालय सञ्चालन गरिनेछ। यस कार्यक्रम चितवन जिल्लाको चेपाङबाट सुरू गरिनेछ।

शिक्षा क्षेत्रका लागि २१८ अर्ब ३० करोड रूपैयाँ बजेट विनियोजन गरिएको भनिएको छ। विष्णु पौडेल अर्थमन्त्री भएका बेलामा दलित बालबालिकाका लागि भौचरमा आधारित शिक्षाको व्यवस्था गर्ने भनिएको थियो। त्यसले दलित बालबालिकालाई गुणस्तरीय शिक्षा आफूले चाहेको विद्यालयमा प्राप्त गर्ने अवसर दिन सक्थ्यो। तर त्यो कहिल्यै कार्यान्वयन भएन।

अर्थमन्त्री स्वर्णिम वाग्लेको बजेटमा चेपाङबाट सुरू गरिने भनिएबाट दलितले यसबाट लाभ लिन सक्ने देखिँदैन।

बुँदा नम्बर ४९, महिला बालबालिका, लैंगिक मामिला र सामाजिक सुरक्षा अन्तर्गत उपबुँदा (क) मा दलित समुदायको परम्परागत सीप संरक्षण, आय आर्जन, प्रविधि स्तरोन्नतिका क्रियाकलापसहित एकीकृत रूपमा दलित केन्द्रित लगानी बढाउने भनिएको छ। तर रकम तोकिएको छैन।

बरू विष्णु पौडेलले नै सुरू गरेको भगत सर्वजीत शिल्प उत्थान कार्यक्रममा चालु आर्थिक वर्षमा पनि ५० करोड रूपैयाँ विनियोजन भई केही कार्यक्रमहरू चलिरहेको बुझिन्छ। त्यस्तै प्रकारको देखिने अर्थमन्त्री वाग्लेको कार्यक्रमको स्वरूप भगत सर्वजीतकै निरन्तरता हुने हो वा नयाँ भन्ने कुरा स्पष्ट छैन।

बुँदा नम्बर ५०, कृषि विकास तथा भूमि व्यवस्थापन कार्यक्रम अन्तर्गत उपबुँदा (ग) मा किसानको पहिचान कार्य आगामी आर्थिक वर्षमा सम्पन्न गरी परिचयपत्र वितरण सुरू गर्ने भनिएको छ। कृषियोग्य नदी उकास लगायत उपयोगविहीन सरकारी जग्गा र बाँझो जमिन उपयोग गर्न स्थानीय तहमा भूमि बैंक स्थापना र निजी क्षेत्रलाई एग्रो पुलिङ गर्न प्रोत्साहन गर्ने भनिएको छ। यस कार्यक्रमबाट भूमिहीन दलितहरू केही हदसम्म लाभान्वित हुन सक्ने देखिन्छ।

सोही बुँदाको उपबुँदा (ढ) मा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने कार्य आगामी आर्थिक वर्षभित्रै सम्पन्न गर्ने व्यवस्था मिलाउने भनिएको छ। भनिएको त छ, तर सरकारले अहिले विस्थापित गरेका सुकुम्बासीको अवस्था हेर्दा यो कार्यक्रमको नियतिमा शंका छ।

बुँदा नम्बर ५२, संस्कृति तथा पर्यटनको उपबुँदा (झ) मा आदिवासी जनजाति समुदायको संस्कृति संरक्षणका लागि कीर्तिपुर स्थित संग्रहालयको विस्तार गर्ने भनिएको छ।

दलित समुदायको परम्परागत मौलिक सीप, कला तथा पेसा प्रवर्द्धन गर्न मधेस, कर्णाली र सुदूरपश्चिमका सघन दलित बस्तीलाई लक्ष्य गरी नमूना होमस्टे सञ्चालन गर्ने भनिएको छ। तर यो कार्यक्रम सरकारले साह्रै हचुवाको भरमा सस्तो लोकप्रियताका लागि घोषणा गरेको देखिन्छ।

किनभने, राजधानीमै छुवाछुतकै कारणले डेरा खोइ सरकार भनेर दीपा नेपालीले विगत दुई महिनादेखि माइतीघर मण्डलमा धर्ना दिइरहेकी छन्।

त्यस्तो अवस्थामा मधेस, कर्णाली तथा सुदूरपश्चिमजस्तो देशकै उच्चतम विभेद हुने ठाउँमा को गैरदलित पर्यटक त्यहाँ होमस्टेमा जालान्, आफैमा अचम्म लाग्ने कुरा छ।

मैले सम्पूर्ण बजेट वक्तव्यमा माफी भन्ने शब्द खोजेँ, तर त्यो कहीँ कतै भेटिएन। अर्थमन्त्रीले आयोजना गरेको पत्रकार सम्मेलनमा पाँच वर्षमुनिका बालबालिकाका लागि गरिएको पोषण भत्ता जसबाट ३,३३,३९८ बालबालिका लाभान्वित हुने भन्दै यसलाई माफीसँग जोडिएको सुनियो।

तर पार्टीको तर्फबाट माफी माग्दै सरकारले आफ्नो १०० दिने कार्ययोजनाको बुँदा नम्बर ५ मा समेत राखेको बुँदालाई नीति, कार्यक्रम र बजेटमा कहीँ कतै उल्लेख नहुँदा दलितलाई हात्तीको देखाउने दाँत मात्रै भएको छ भन्दा फरक पर्दैन। *(सेतोपाटी)*

## विश्व

# वासिङ्टन र तेहरान बीचको एमओयू सार्वजनिक

**वासिङ्टन, ४ असार।** संयुक्त राज्य अमेरिका र इरानले दुई पक्षबीच इलेक्ट्रोनिक रूपमा हस्ताक्षर गरिएको (सम्झौता-पत्र) एमओयू सार्वजनिक गरेका छन्।

ज्ञापन पत्रमा तत्काल र स्थायी युद्धविराम, ६० दिन भित्र अन्तिम सम्झौता वार्ता गर्ने प्रतिबद्धताका साथै प्रतिबन्ध राहत, आवागमनको स्वतन्त्रता र पुनर्निर्माणसँग सम्बन्धित उपायहरू समावेश छन्।

दुवै पक्षले प्रकाशित गरेको ज्ञापन पत्रमा लेबनानसहित सबै स्थनामा सैन्य कारबाही तत्काल र स्थायी रूपमा समाप्त गर्ने घोषणा गरिएको छ। यस बाहेक, संयुक्त राज्य अमेरिका र इस्लामिक गणतन्त्र इरानले अब देखि एक-अर्का विरुद्ध कुनै युद्ध वा कुनै सैन्य कारबाही सुरु नगर्ने, सार्वभौमिकता र क्षेत्रीय अखण्डतालाई सम्मान गर्ने र एक-अर्काको आन्तरिक मामिलामा हस्तक्षेप गर्न बाट टाढा रहनुका साथै एक-अर्काको विरुद्धमा धम्की वा बल प्रयोग नगर्न प्रतिवद्धता व्यक्त गरेका छन्।

दुवै पक्षले आपसी सहमतिमा अधिकतम ६० दिनमा वार्ता र अन्तिम सम्झौता हासिल गर्ने प्रतिबद्धता जनाएका छन्। अन्तिम सम्झौताले युद्धको अन्त्यलाई औपचारिक बनाउने र दुबै पक्षहरू बिचका सवालहरुलाई सम्बोधन गर्ने अपेक्षा गरिएको छ।

यस एमओयूमा हस्ताक्षर भए लगत्तै संयुक्त राज्य अमेरिकाले इस्लामिक गणतन्त्र इरानविरुद्ध आफ्नो नौसैनिक नाकाबंदी हटाउन सुरु गर्ने र ३० दिन भित्र नौसैनिक नाकाबन्दी पूर्ण रूपमा अन्त्य गर्ने जनाइएको छ।

इरानले खाडी र ओमान बीचमा ६० दिनका लागि व्यावसायिक जहाजहरूको सुरक्षित मार्ग सुनिश्चित गर्ने प्रतिबद्धता पनि व्यक्त गरेको छ। यसैगरी ज्ञापन पत्रमा इरानी अर्थतन्त्रको पुनर्निर्माण र विकासको लागि योजना समावेश छ भने सम्झौताको अन्तिम भागको रूपमा कार्यान्वयन संयन्त्रलाई अन्तिम रूप दिइने उल्लेख गरिएको छ।

प्रतिबन्ध सन्दर्भमा, संयुक्त राज्य अमेरिका इरान इस्लामिक गणतन्त्र विरुद्ध प्रतिबन्ध सबै प्रकारका समाप्त गर्न संयुक्त राष्ट्र सुरक्षा परिषद संकल्प सहित, अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सी बोर्ड अफ गभर्नरका प्रस्तावहरू, र सबै अमेरिकी प्रतिबन्धहरू, फुकुवा गर्ने जनाइएको छ। आणविक सवालमा इरानले आणविक हतियारहरू खरिद वा विकास नगर्ने प्रतिवद्धता दोहोर्‍याएको जनाइएको छ।

दुवै पक्षले आएएइएको पर्यवेक्षणमा पारस्परिक रूपमा सहमत हुने संयन्त्रको अनुसरणमा भण्डार समृद्ध सामग्रीको व्यवस्थापन गर्न समाधान गर्न सहमत भएका छन्। उनीहरूले अन्तिम सम्झौतामा युरेनियम संवर्धन र इरानको आणविक आवश्यकतामाथि पनि वार्ता जारी राख्ने सहमति जनाएका छन्। ज्ञापन पत्रमा अन्तिम सहमति नभएसम्म यथा स्थिति कायम रहने जनाइएको छ। यसमा कुनै नयाँ अमेरिकी प्रतिबन्धहरू र अतिरिक्त सेनाको तैनाती समावेश नरहेको र इरानको आणविक कार्यक्रमको हालको स्थिति परिवर्तित नहुने जनाइएको छ।

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |

## आजको राशिफल

**मेष** – आज दिनको सुरुवात सामान्य रहे पनि क्रमशः व्यस्तता बढ्न सक्छ। अचानक आएको जिम्मेवारीले समय व्यवस्थापनको आवश्यकता महसुस गराउनेछ।

**वृष** – आज मनले नयाँ स्वाद खोज्न सक्छ। दैनिकीभन्दा फरक काममा संलग्न हुँदा ताजापन महसुस हुनेछ। कसैको प्रेरणादायी कुराले सोचमा सकारात्मक प्रभाव पार्न सक्छ।

**मिथुन** – आज कुनै अधुरो विषय टुङ्ग्याउने अवसर प्राप्त हुनेछ। विगतमा गरेको प्रयासको परिणाम विस्तारै देखिन थाल्न सक्छ।

**कर्कट** – नयाँ जानकारीले दिनलाई रोचक बनाउन सक्छ। सामान्य भेटघाटबाट पनि उपयोगी कुरा सिक्न पाइनेछ र भविष्यका लागि नयाँ सोच जन्मिन सक्छ।

**सिंह** – आज आफ्नो श्रमको महत्त्व बुझ्ने अवसर मिल्नेछ। सानो उपलब्धिले पनि ठूलो प्रेरणा दिन सक्छ। आर्थिक विषयमा गरिएका योजनाले राम्रो दिशा लिन थाल्नेछन्।

**कन्या** – आफ्नो विचारलाई व्यवहारमा उतार्ने दिन छ। अरूले शंका गरेको विषयमा पनि तपाईंले प्रगति देखाउन सक्नुहुनेछ। कामप्रतिको लगनले राम्रो छाप छोड्नेछ।

**तुला** – आज धेरै बोल्नु भन्दा धेरै सुन्नु लाभदायक हुनेछ। वरिपरिको परिस्थितिलाई नजिकबाट बुझ्ने अवसर प्राप्त हुनेछ।

**वृश्चिक** – साथीभाइ वा परिचित व्यक्तिबाट रोचक प्रस्ताव आउन सक्छ। सामूहिक काममा सहभागिता बढ्नेछ र त्यसबाट सकारात्मक अनुभव प्राप्त हुनेछ।

**धनु** – सुरुमा रमाइलो यात्रा र मनोरञ्जनको आनन्द लिने समय छ। आतिथ्यपूर्ण सत्कार पाइने समय छ। प्रेम र मित्रताको बन्धन कसिनेछ।

**मकर** – नयाँ विषयको खोजीमा मन आकर्षित हुन सक्छ। पुस्तक, अध्ययन वा अनुभवी व्यक्तिसँगको संवादबाट लाभ मिल्नेछ।

**कुम्भ** – आज सतहमा देखिएको कुराभन्दा गहिरो पक्ष बुझ्न आवश्यक पर्न सक्छ। कुनै निर्णय लिनुअघि सबै जानकारी संकलन गर्नु राम्रो हुनेछ।

**मीन** – आफ्ना प्रिय व्यक्तिहरूसँगको सम्बन्धमा न्यानोपन बढ्नेछ। सानो सहयोग वा मधुर व्यवहारले सम्बन्धलाई अझ बलियो बनाउनेछ।

# परराष्ट्रमन्त्री स्वदेश फिर्ता, चीन भ्रमण
# द्विपक्षीय सम्बन्ध थप विस्तारमा फलदायी

**युग संवाददाता**
**काठमाडौँ, ४ असार ।**



परराष्ट्रमन्त्री शिशिर खनाल मित्रराष्ट्र जनवादी गणतन्त्र चीनको चार दिने औपचारिक भ्रमण सम्पन्न गरी स्वदेश फर्किएको छ । उनले चीनका विदेश मामिलामन्त्री तथा चिनियाँ कम्युनिष्ट पार्टी केन्द्रीय समितिका राजनीतिक ब्युरो सदस्य वाङ यीको मैत्रीपूर्ण निमन्त्रणामा आइतबार बेइजिङ पुगेको थियो ।

भ्रमणका क्रममा सोमबार मन्त्री खनाल र विदेश मन्त्री वाङबीच द्विपक्षीय भेटवार्ता भएको मन्त्रालयले जनाएको छ । सो अवसरमा दुबै देशका प्रतिनिधिमण्डलबीच नेपाल-चीन द्विपक्षीय सम्बन्धका सबै पक्षहरूमा गहन एवम् उपलब्धिमूलक छलफल भएको मन्त्रालयद्वारा आज जारी भ्रमणसम्बन्धी प्रेस विज्ञप्तिमा जनाइएको छ ।

"आपसी मित्रता, सद्भावना र सहयोगमा आधारित नेपाल-चीन सम्बन्धलाई थप सुदृढ तुल्याउने विषयमा दुवै पक्षबीच एकमत रहेको थियो । नेपालका तर्फबाट एक चीन सिद्धान्तप्रति रहिआएको नेपाल सरकारको प्रतिबद्धता दोहोऱ्याउँदै नेपालको भूमिलाई चीनको हितविरुद्ध प्रयोग हुन नदिइने स्पष्ट पारिएको छ," विज्ञप्तिमा भनिएको छ, "चिनियाँ पक्षबाट नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता र स्वतन्त्रताप्रति रहिआएको चीन सरकारको दृढ समर्थन दोहोऱ्याउँदै सुशासन तथा आर्थिक विकासका क्षेत्रमा नेपाल सरकारले निर्दिष्ट गरेका प्राथमिकता उपर पूर्ण समर्थन रहने विश्वास व्यक्त गरिएको छ ।"

साथै, पारस्परिक सम्मान तथा एकअर्काका प्राथमिकता एवम् संवेदनशीलताप्रति रहिआएको प्रतिबद्धता दोहोऱ्याउँदै दुई पक्षबीच पूर्वाधार, कनेक्टिभिटी, सीमा व्यवस्थापन, ऊर्जा, व्यापार, लगानी, कृषि, प्रविधि हस्तान्तरण, सूचना प्रविधि तथा डिजिटलाइजेसन, पर्यटन, रासायनिक मल, पेट्रोलियम तथा प्राकृतिक ग्यास अन्वेषण र जनस्तरको सम्बन्धलगायत विविध क्षेत्रमा सहयोग विस्तार गर्ने विषयमा छलफल भएको थियो ।

त्यसैगरी, विगतमा सहमति भएका द्विपक्षीय कार्यक्रम तथा परियोजनाहरूको शीघ्र कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गर्दै बहुपक्षीय एवम् क्षेत्रीय मञ्चहरूमा साझा हितका विषयमा सहकार्य अघि बढाउने कुरामा जोड दिइएको मन्त्रालयले जनाएको छ । भेटवार्तापश्चात् मन्त्री खनाल विदेशमन्त्री वाङले आयोजना गर्नुभएको रात्रिभोजमा सहभागी भएका थिए ।

यसअघि, सोही दिन मन्त्री खनाल र चिनियाँ कम्युनिष्ट पार्टीको केन्द्रीय समितिको अन्तरराष्ट्रिय विभाग प्रमुख लिउ हाइसिङबीच भेटवार्ता भएको थियो । सो अवसरमा नेपाल-चीन सम्बन्ध सुदृढीकरण एवम् द्विपक्षीय सहयोग विस्तार गर्ने बारेमा विचारको आदानप्रदानका साथै दलहरूबीच सम्पर्क र सहकार्य विस्तार गर्ने सम्भावना समेतका विषयमा छलफल भएको मन्त्रालयको भनाई छ ।

भ्रमणकै दौरान मंगलबार मन्त्री खनाल र चिनियाँ जनराजनीतिक परामर्श सम्मेलनको राष्ट्रिय समितिका अध्यक्ष वाङ हुनिङबीच पनि भेटवार्ता भएको थियो । सो अवसरमा नेपाल र चीनबीच रहेको सुमधुर, मैत्रीपूर्ण एवम् सहयोगात्मक सम्बन्ध आगामी दिनमा थप सुदृढ तुल्याउनुका साथै प्राथमिकताका क्षेत्रमा सहकार्य प्रबर्द्धन गर्ने वारेमा विचार विमर्श भएको विज्ञप्तिमा उल्लेख छ । सोही दिन साँझ नेपालमा चिनियाँ लगानी प्रवर्द्धन गर्ने उद्देश्यले बेइजिङस्थित नेपाली राजदूतावासद्वारा आयोजना गरिएको लगानी सम्मेलनमा मन्त्री खनाल सहभागी भएका थिए । साथै उनीसँग चिनियाँ व्यवसायी, उद्यमी र लगानीकर्ताहरूको भेटवार्ता भएको थियो । सो अवसरमा नेपाल लगानी बोर्डका प्रतिनिधिबाट प्रस्तुतीकरण एवम् सहभागीहरूबीच विस्तृत अन्तरक्रिया भएको थियो । कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री खनालले चिनियाँ लगानीकर्ताहरूलाई नेपालमा लगानी गरी आपसी आर्थिक वृद्धिका साथै समृद्धिको नयाँ अध्याय निर्माण गर्न आह्वान गरेको थियो । नेपालमा विद्यमान आर्थिक सम्भावना र जनसांख्यिकीय सामर्थ्यबारे प्रकाश पार्दै उनले लगानी तथा व्यवसायमैत्री वातावरण निर्माण गर्न नेपाल सरकार प्रतिबद्ध रहेको अवगत गराएका थिए । "भ्रमणको अवधिमा नेपाली राजदूतावास बेइजिङद्वारा आयोजित स्वागत समारोहमा सहभागी भई उनले चीनमा रहेका नेपाली समुदायका प्रतिनिधिहरूसँग समेत भेटघाट र अन्तक्रिया गरेका थिए । उनीहरूलाई सुशासन, आर्थिक विकास तथा समृद्धिलाई संस्थागत गर्ने नेपाल सरकारको प्राथमिकताका बारेमा अवगत गराउँदै मन्त्री खनालले राष्ट्र निर्माणको अभियानमा सक्रिय रूपमा सहभागी हुन आह्वान गर्नुभएको थियो" विज्ञप्तिमा जनाईएको छ ।

त्यसैगरी, दूतावासको कामका बारेमा जानकारी लिँदै मन्त्री खनालले त्यहाँका अधिकारीहरूलाई नेपाल-चीन सम्बन्धलाई अझ सुदृढ गर्दै प्रभावकारी रूपमा आर्थिक एवम् विकास कूटनीति सञ्चालन गर्न र चीनमा रहेका नेपालीहरूको हितको रक्षा गरी प्रभावकारी सेवा प्रदान गर्न निर्देशन दिएका थिए ।

मन्त्री खनालले भ्रमणकै दौरान दूतावासमा आयोजित नेपाली, चिनियाँ तथा अन्तरराष्ट्रिय मिडियासँगको छुट्टाछुट्टै भेटमा नेपालको परराष्ट्र नीति, नेपाल-चीन सम्बन्ध, नवगठित नेपाल सरकारका प्राथमिकता तथा अन्तरराष्ट्रिय समुदायसँग नेपालको संलग्नताबारे विचार व्यक्त गरेका थिए ।

साथै, उनले बेइजिङस्थित मियाओयिङ मन्दिरमा रहेको श्वेत स्तूपको अवलोकन गरेको मन्त्रालयले जनाएको छ । नेपालका राष्ट्रिय विभूति अरनिकोद्वारा डिजाइन गरिएको उक्त सांस्कृतिक धरोहर नेपाल र चीनबीच विद्यमान बहुआयामिक साँस्कृतिक र जनस्तरको सम्बन्धको प्रतीकका रूपमा रहेको छ । साथै, नेपालको ऐतिहासिक सौम्य शक्ति, नेपाली शिल्पकर्मीहरूको अन्तरराष्ट्रिय पहिचान तथा नेपाली वास्तुकलाको उदाहरणका रूपमा समेत रहिआएको छ ।

त्यसैगरी, बेइजिङस्थित 'चाइनिज एकेडेमी अफ साइन्स'को 'इन्स्टिच्यूट अफ टिबेटियन प्लाटो रिसर्च' भ्रमण गरी उनले उक्त संस्थाका गतिविधिहरू तथा त्रिभुवन विश्वविद्यालयसहित नेपाली अन्य संस्थाहरूसँग भइरहेको सहकार्यबारे जानकारी लिएका थिए । मन्त्री खनालले संस्थाका उच्च पदाधिकारीहरूसँगको अन्तरक्रियामा विज्ञान तथा प्रविधिको क्षेत्रमा नेपाल र चीनबीचको सहकार्यलाई अझ गहिरो र फलदायी बनाउनु पर्ने आवश्यकता रहेको विषयमा जोड दिएका थिए ।

साथै, उनले बेइजिङस्थित चीनको पहिलो 'हाइ-टेक' तथा 'नेशनल इन्नोभेसन डेमोन्स्ट्रेसन जोन'का रूपमा रहेको झोङ्ग्वानछुन विज्ञान पार्कको अवलोकन गरी त्यहाँको क्रियाकलाप तथा प्राथमिकताका बारेमा जानकारी हासिल गरेका थिए । भ्रमणमा त्यहाँका विदेश मन्त्री र उच्च पदाधिकारीहरूसँग भएको भेटघाट एवम् अन्य कार्यक्रमहरूमा मन्त्री खनालको सहभागिताबाट मैत्रीपूर्ण र बहुआयामिक नेपाल-चीन सम्बन्धलाई थप सुदृढ तुल्याई आपसी हितका विषयमा निरन्तर सहयोग विस्तार तथा सुदृढीकरण गर्ने कार्यमा उल्लेखनीय योगदान पुगेको मन्त्रालयको भनाइ छ ।

यसका अलावा छिमेकीलगायत सबै मुलुकसँग स्वतन्त्र, व्यावहारिक एवम् सहयोगात्मक सम्बन्ध विस्तार गर्दै आर्थिक तथा विकास कूटनीति प्रबर्द्धन गर्ने नेपाल सरकारको उद्देश्य हाँसिल गर्ने दिशामा यस भ्रमणले महत्वपूर्ण सहयोग पुऱ्याएको विश्वास लिईएको छ । भ्रमणदलमा परराष्ट्र मन्त्रालय तथा नेपाली राजदूतावास बेइजिङका पदाधिकारीहरू सहभागी थिए ।

# जग्गा विवाद टुंगियो, आठ वर्षपछि सञ्चालनमा आउँदै जुम्ला बसपार्क

**गोल्डेन बुढा**
**जुम्ला, ४ असार ।**



निर्माण सम्पन्न भएको झण्डै आठ वर्षपछि जुम्लाको चन्दननाथ नगरपालिका-६ स्थित बसपार्क सञ्चालनमा आउने भएको छ । जग्गा व्यवस्थापनको विवादका कारण वर्षौंदेखि प्रयोगविहीन बनेको बसपार्क आगामी असार १० गतेदेखि सञ्चालनमा ल्याउने निर्णय गरिएको छ ।

२०७६ सालमा करिब १ करोड ६० लाख रुपैयाँको लागतमा निर्माण गरिएको बसपार्कमा भवन, नाला, पार्किङ क्षेत्र, टिकट काउन्टर तथा शौचालयलगायतका संरचना तयार भए पनि सेवा सञ्चालन हुन सकेको थिएन । बसपार्कसम्म पुग्ने पहुँचमार्गमा सात जना जग्गाधनीको निजी जग्गा परेपछि विवाद उत्पन्न भएको थियो ।

बसपार्क सञ्चालनमा नआउँदा सदरमुकाम खलंगा बजार क्षेत्र नै अस्थायी पार्किङस्थल बन्दै आएको थियो । लामो तथा छोटो दूरीका बस, ट्रक, जीप, टिपर र अटो सडकमै पार्किङ हुँदा बजार क्षेत्रको यातायात व्यवस्थापन प्रभावित हुँदै आएको थियो ।

बसपार्क सञ्चालनका विषयमा बिहीबार चन्दननाथ नगरपालिका-६ का वडा अध्यक्ष रवि थापाको अध्यक्षतामा यातायात व्यवसायी, जग्गाधनी तथा सरोकारवालाबीच बैठक बसेको थियो ।

बैठकले आगामी असार १० गतेदेखि छिनासिमस्थित बसपार्कबाट सबै सवारी साधन सञ्चालन गर्ने निर्णय गरेको छ । जिल्ला समन्वय समिति जुम्लाका प्रमुख गौरीनन्द आचार्यका अनुसार बसपार्क क्षेत्रको जग्गा व्यवस्थापन र यातायात सञ्चालनसम्बन्धी विषयमा जग्गाधनी तथा यातायात व्यवसायीसँग सहमति जुटेपछि सञ्चालनको बाटो खुलेको हो ।

बैठकमा जिल्ला समन्वय समिति प्रमुख गौरीनन्द आचार्य, चन्दननाथ नगरपालिकाका प्रमुख राजुसिंह कठायत, उपप्रमुख रामदेवी खड्का, प्रमुख जिल्ला अधिकारी दीपक पौडेल, जग्गाधनी तथा यातायात व्यवसायीहरूको सहभागिता रहेको थियो ।

बैठकले मुख्य सडकदेखि बसपार्कसम्म जाने बाटोको जग्गा व्यवस्थापन तथा आवश्यक प्रक्रिया अघि बढाउने, सञ्चालनका क्रममा देखिने समस्या समाधानका लागि नगरपालिकाले सहजीकरण समिति गठन गर्ने, सुरक्षा व्यवस्थापनका लागि जिल्ला प्रहरी कार्यालय जुम्लासँग समन्वय गर्ने तथा जग्गाधनीहरूले बसपार्क सञ्चालनमा अवरोध नगर्ने निर्णय गरेको छ । त्यसैगरी बसपार्कमा आवश्यक सुरक्षा, खानेपानी, शौचालयलगायत आधारभूत सेवा व्यवस्थापनमा चन्दननाथ नगरपालिकाले सहयोग गर्ने सहमति भएको छ ।

३ हजार ३ सय ६५ वर्गमिटर क्षेत्रफलमा फैलिएको उक्त बसपार्कको जग्गा चन्दननाथ नगर विकास समितिको नाममा रहेको छ । लामो समयदेखि प्रयोगमा आउन नसकेको बसपार्क सञ्चालनमा आएपछि सदरमुकामको अव्यवस्थित पार्किङ नियन्त्रण हुनुका साथै यातायात सेवा थप व्यवस्थित हुने अपेक्षा गरिएको छ ।

# शीतभण्डार सञ्चालन नहुँदा किसान मर्कामा

**युग संवाददाता**
**कञ्चनपुर, ४ असार ।**

दोधारा चाँदनी नगरपालिकालाई हस्तान्तरण गरिएको शीतभण्डार सञ्चालनमा नआउँदा किसान भने मर्कामा परेका छन् ।

सुदूरपश्चिम प्रदेशले शीतभण्डार आर्थिक वर्ष २०७९ मा दोधारा चाँदनी नगरपालिकालाई हस्तान्तरण गरेको थियो । प्रदेश सरकारको कूल रु ६० लाखको लागतमा निर्माण पूरा भएको शीतभण्डार सञ्चालनमा नआएपछि स्थानीय कृषकका आलु तथा प्याजलगायतका तरकारी कुहिने समस्यामा परेको स्थानीय कृषकहरूले गुनासो गर्न थालेका छन् ।

सुदूरपश्चिम प्रदेश सरकारले निर्माण गरेर हस्तान्तरण गरेको शीतभण्डार सञ्चालनका लागि 'थ्री फेज' विद्युत् लाइन जडान गर्न नसक्दा प्रयोगमा ल्याउन नसकिएको दोधारा चाँदनी नगरपालिकाका कृषि विकास अधिकृत कमलावती भट्टले जानकारी दिए ।

यस वर्ष पाँचकट्ठा क्षेत्रफलमा आलुखेती गरेका दोधारा चाँदनी नगरपालिकाका प्रेम रोकायाले भण्डारण गर्ने उचित ठाउँ नहुँदा उचित मूल्य नपाउने गरेको बताए । उनले शीतभण्डार सञ्चालन नहुँदा बिउका लागि छुट्याएर राखेको आलुसमेत कुहिन थालेको बताए ।


कोलटाकुरा डाँडा लिफ्ट खानेपानी तथा सरसफाई योजना उपभोक्ता समिति, भैरबी २, दैलेख
खरिद समिति
भैरबी गाउँपालिका
भेरीकालिकाथुम, दैलेख

सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मितिः २०८३/०२/०५
सिलबन्दी दरभाउपत्र नं. Bhairabi_LACCP_SQ_002_082/083

भैरबी गाउँपालिका/ जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना, दैलेख अन्तरगत भैरबी गाउँपालिकामा सञ्चालित माथि उल्लेखित खानेपानी तथा सरसफाइ निर्माण योजनाहरुका लागि परियोजनाको खरिद निर्देशिका बमोजिम लिफ्ट योजना निर्माणमा प्रयोग हुने सोलार, विद्युतिय तथा इलेक्ट्रो मेकानिकल सामग्रीहरू (पम्प, कन्ट्रोलर, तार, फिटिङ्ग्स आदि) खरिद तथा जडान गर्नुपर्ने भएकोले इच्छुक तथा योग्य आपूर्तिकर्ता/फर्महरूबाट प्रस्ताव पेश गर्नका लागि खरिद समितिले खुला आह्वान गर्दछ । तसर्थ, निम्न सर्तहरू अन्तर्गत रहि दरभाउपत्र फाराममा प्रदान गरिएको परिमाण तथा तोकिएको स्पेसिफिकेशन गुणस्तर र तौल अनुसार सामग्री आपूर्ति गर्न इच्छुक भ्याटमा दर्ता भएका तथा सम्बन्धित क्षेत्रमा अनुभव प्राप्त सप्लायर वा फर्महरूबाट सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

शर्तहरुः

| सिलबन्दी दरभाउपत्र नं. | योजनाको नाम | सिलबन्दी दरभाउपत्रको अनुमानित रकम (ढुवानी सहित) | सिलबन्दी दरभाउपत्र खरिद दस्तुर (फिर्ता नहुने गरी) | ढुवानी गर्नु पर्ने स्थान |
|---|---|---|---|---|
| Bhairabi_LACCP SQ 002 082/083 | कोलटाकुरा डाँडा लिफ्ट खानेपानी तथा सरसफाई योजना उपभोक्ता समिति, भैरबी - २, दैलेख | ५८,५९,९८८/०५ (अक्षरुपी रु. अन्ठाउन्न लाख उन्नसाठ्ठी हजार नौ सय अठासी रुपियाँ जिरो पाँच पैसा मात्र) | ३०००।० (अक्षरुपी रु. तिन हजार मात्र) | रावतकोट |

* इच्छुक विभिन्न आवश्यक सोलार, विद्युतिय तथा इलेक्ट्रो मेकानिकल सामग्रीहरू (पम्प, कन्ट्रोलर, तार, फिटिङ्ग्स आदि) खरिद तथा जडान कार्य सम्बन्धी दरभाउपत्र फारम सम्बन्धित भैरबी गाउँपालिकाको कार्यालयबाट वा परियोजना वेवसाइट https://www.laccp.org.np/ गाउँपालिकाको वेवसाइट https://bhairabimun.gov.np/बाट डाउनलोड गर्न सकिनेछ ।
* सिलबन्दी दरभाउपत्र पेश गर्दा तोकिएको फारम र विभिन्न आवश्यक सोलार, विद्युतिय तथा इलेक्ट्रो मेकानिकल सामग्रीहरू (पम्प, कन्ट्रोलर, तार, फिटिङ्ग्स आदि) खरिद तथा जडान कार्य सम्बन्धी दरभाउपत्र फारम प्रति फारामरु. ३००० अक्षेरपी रु. तिन हजार मात्र (पछि फिर्ता नहुने गरी) भैरबी गाउँपालिकाको नाममा रहेको हिमालयन बैंक लि. शाखाको खाता १२०५०७३९२८००९८ (ग-१.१- आन्तरिक राजस्व खाता) राजस्व शिर्षक (१४२२९) मा LLRP बाट जम्मा गरेको सक्कलै भौचर वा राजश्व शाखा सुत्रमा जम्मा भएको सिर्जित सक्कल भौचर सहित फारम सप्लायरको लिखित निवेदनको साथमा मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र, यस् आ ब को कर चुक्ताको प्रमाणपत्र सहित यो सूचना प्रकाशित भएको मितिले ८ औं (आठौं) दिनको दिउसो १२:०० बजे भित्र कार्यालय समय भित्र सम्बन्धित गाउँपालिकाको कार्यालय वा जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना सहयोग इकाई बिरेन्द्रनगर सुर्खेत वा विकास व्यवस्थापन सस्था (DMI Pvt. Ltd) प्रा.लि. नुप्तसे मार्ग, शान्तिनगर-११, काठमान्डौमा पेश गरि सक्नु पर्नेछ । यी फारमहरू यो सूचना प्रकाशित भएको मितिबाट ७ औं (सातौ) दिनको कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ। दरभाउपत्र फाराम सिलबन्दी गरी सम्बन्धित उपभोक्ता समितिको नाम, ठेगाना र सोलार विधुतिय र इलेक्ट्रो मेकानिकल सामग्रीहरु (पम्प, कन्ट्रोलर, तार, फिटीङ्गस्, आदि) सप्लाई तथा जडान सम्बन्धी दरभाउपत्र भन्ने व्यहोरा उल्लेख गर्नुपर्नेछ ।
* सिलवन्दी दरभाउ पत्र पेश गर्दा
  - सप्लायरको आधिकारिक प्रतिनिधि आफै उपस्थित भई वा हुलाक वा कुरियर मार्फत समेत पेश गर्न सक्नेछ ।
  - हुलाक वा कुरियर मार्फत पठाएको सिलवन्दी दरभाउपत्र सूचना प्रकाशित भएको मितिले ८ औं (आठौं) दिनको दिउसो १२:०० वजे भित्र प्राप्त भईसक्नु पर्नेछ ।
* सप्लाई हुने सामग्रीहरूको भुक्तानी उपभोक्ता समितिहरूको गोदाममा (रावतकोट) मा ढुवानी भै प्राविधिक चेकजाँच भएपछि मात्र हुनेछ। यसैले बोलपत्र सम्बन्धि धरौटी तथा बैंक जमानतको आवश्यकता पर्ने छैन ।
* उपरोक्त अनुसार प्राप्त भएका दरभाउपत्रहरू संकलन गरी यो सूचना प्रकाशित भएको मितिले ११ औं (एघारौं) दिन भैरबी गाउँपालिकाको कार्यालय, भैरीकालिकाथुममा दिउसो १२:०० बजे उपभोक्ता समितिका खरिद समितिका प्रतिनिधिहरू, गाउँपालिका कार्यालयका प्रतिनिधिहरू, जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना प्रतिनिधिहरू र दरभाउपत्रदाताहरू वा निजहरूको प्रतिनिधिको रोहवरमा खोलिनेछ। दरभाउपत्रदाताको प्रतिनिधि उपस्थित नभएमा दरभाउपत्र खोल्न बाधा पुग्ने छैन ।
* दरभाउपत्र दर्ता गर्ने तथा खोल्ने अन्तिम दिनमा सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन तोकिएको समय भित्र दर्ता गरिने वा खोलिनेछ ।
* दरभाउपत्रमा दररेट लेख्दा अंक र अक्षरमा स्पष्ट लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिइनेछ। अंक र अक्षरमा केरमेट भएकोमा दस्तखत गरेको हुनु पर्नेछ ।
* दरभाउपत्र फाराममा तोकिएका लेख्ने स्थानहरू बाहेक, अन्यत्र कुनै पनि थप नोट, संकेत तथा कुनै जानकारी लेख्नु हुँदैन ।
* म्याद नाघी वा रीत नपुगी आएको दरभाउपत्र उपर कुनै कारबाही हुने छैन ।
* दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार उपभोक्ता समितिहरूमा सुरक्षित रहनेछ ।
* अन्य शर्तहरू परियोजनाको सामुदायिक खरिद कार्यविधि २०८२ बमोजिम हुनेछ । थप शर्तहरू दरभाउपत्र फारम साथै संलग्न गरिएको छ ।
* यो सूचनामा केहि संशोधन गर्नु परेमा सो को सूचना गाउँपालिकाको सूचना पाटीमा जानकारी गरिनेछ ।
* थप आवश्यक जानकारीहरु सम्बन्धित योजनाहरुको कोटेशन फारम तथा स्पेसीफिकेशनमा उल्लेख गरिएको छ ।
* अन्य थप जानकारी चाहिएमा भैरबी गाउँपालिका परियोजना कार्यान्वयन गर्ने पालिका एकाईको फोन नं. ९८५८०३३३२०/९८४८७३२१२८/९८५१०७४२९४ वा जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना, परियोजना सहयोग एकाई वीरेन्द्रनगर, सुर्खेतमा सम्पर्क गर्न सकिनेछ ।

खरिद समिति


# आन्तरिक राजस्व बढ्दा लुम्बिनी प्रदेशको आम्दानी २६ अर्ब नाघ्यो




**युग संवाददाता**
**भैरहवा, ४ असार ।**

लुम्बिनी प्रदेशमा चालु आर्थिक वर्षको पहिलो ११ महिनामा आन्तरिक राजस्व सङ्कलनमा सुधार देखिएको छ । प्रदेश सरकारले गत जेठ २५ गतेसम्म रु पाँच अर्ब १४ करोड ४ लाख आन्तरिक राजस्व सङ्कलन गरेको छ । यो रकम गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १२ प्रतिशत बढी हो ।

आर्थिक मामिला तथा योजनामन्त्री धनेन्द्र कार्कीले प्रदेशसभामा प्रस्तुत गर्नुभएको आर्थिक विवरणअनुसार सोही अवधिसम्म प्रदेश सञ्चित कोषमा रु २६ अर्ब ५७ करोड ७७ लाख दाखिला भएको छ । सङ्घीय सरकारबाट प्राप्त अनुदान, राजस्व बाँडफाँट र प्रदेशको आन्तरिक स्रोतबाट प्राप्त रकम सो कोषमा समावेश हुने व्यवस्था छ ।

प्रदेश सरकारले चालु आर्थिक वर्षमा हालसम्म रु १७ अर्ब ४७ करोड ८२ लाख खर्च गरेको जनाएको छ । यो कुल विनियोजित बजेटको ४४ दशमलव ८५ प्रतिशत हो । उक्त खर्चमध्ये रु १० अर्ब ११ करोड ९ लाख पुँजीगत तथा सात अर्ब ३६ करोड ७३ लाख चालुतर्फ रहेको मन्त्रालयले जनाएको छ ।

प्रदेश सरकारका अनुसार स्थानीय तहलाई वित्तीय हस्तान्तरणअन्तर्गत रु एक अर्ब ९३ करोड २३ लाख उपलब्ध गराइएकोमध्ये ५६ दशमलव ४२ प्रतिशत खर्च भइसकेको छ । प्रदेश गौरवको आयोजनाका रूपमा रहेको प्रदेश राजधानी व्यवस्थापन तथा निर्माण कार्यक्रमअन्तर्गत पहिलो चरणको काम सम्पन्न भएको छ । उक्त आयोजनाको भौतिक प्रगति शतप्रतिशत तथा वित्तीय प्रगति ९५ दशमलव ५८ प्रतिशत पुगेको छ । निर्माण सम्पन्न प्रशासनिक भवनबाट गत वैशाख २१ गतेदेखि सेवा सञ्चालन भइरहेको छ ।

मन्त्री कार्कीका अनुसार चालु आर्थिक वर्षमा प्रदेशको आर्थिक वृद्धिदर दुई दशमलव ८७ प्रतिशत रहने अनुमान गरिएको छ । कृषि क्षेत्रमा अपेक्षित वृद्धि हुन नसक्दा तथा यातायात, सञ्चार र व्यापार क्षेत्रको बिस्तार सुस्त हुँदा आर्थिक वृद्धिदर प्रभावित भएको प्रदेश सरकारले स्पष्ट गरेको छ । अघिल्लो आर्थिक वर्षमा प्रदेशको आर्थिक वृद्धिदर चार दशमलव २७ प्रतिशत रहेको थियो ।

प्रदेशको कुल गार्हस्थ्य उत्पादन चालु आर्थिक वर्षमा नौ रु खर्ब ३७ अर्ब पुग्ने अनुमान गरिएको छ । राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा लुम्बिनी प्रदेशको योगदान १४ दशमलव दुई प्रतिशत रहने प्रक्षेपण गरिएको छ । त्यसैगरी, लुम्बिनी प्रदेशमा विद्युत् पहुँच ९८ दशमलव ६ प्रतिशत र करिब ८० प्रतिशत घरधुरीमा इन्टरनेट सेवा विस्तार भएको अनुमान गरिएको छ ।

सङ्घीय सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, विशेष अनुदान, समपूरक अनुदान र राजस्व बाँडफाँटमार्फत प्रदेशको आम्दानीमा उल्लेखनीय योगदान पुगेको आर्थिक विवरणमा उल्लेख गरिएको छ ।

जि.प.का.सु.द.नं. ११/२०५७/०५८
हु.नि.द.नं. ०१/२०८०/०८१
युगआह्वान
राष्ट्रिय दैनिक

# बाजुराको लाम्पाटा सुरक्षा वेशमा हेलिकप्टरमार्फत बन्दोबस्तीका सामग्री पुऱ्याइयो

**युग संवाददाता**
**काठमाडौँ, ४ असार ।**

बाजुराको हिमाली गाउँपालिकास्थित लाम्पाटामा स्थापना गरिएको अस्थायी संयुक्त सुरक्षा वेशमा बन्दोबस्तीका सामग्री पुऱ्याइएको छ। सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालय हल्चोकबाट पठाइएका ती सामग्री बाजुरास्थित गुल्मबाट बुधबार बिहान हेलिकोप्टरमार्फत लाम्पाटा पुऱ्याइएको हो।

उक्त स्थानमा सशस्त्र प्रहरी निरीक्षकको कमाण्डमा गत जेठ ३१ गते सशस्त्र प्रहरी बल नेपाल र नेपाल प्रहरीको संयुक्त अस्थायी सुरक्षा वेश स्थापना गरिएको थियो। नं. ७ बैध्यनाथ बाहिनी मुख्यालयका बाहिनिपती सशस्त्र प्रहरी नायब महानिरीक्षक दिगविजय सुवेदीले लाम्पाटा पुगेर त्यहाँ तैनाथ सुरक्षाफौजको कामकारबाही बारे जानकारी लिनुका साथै आवश्यक निर्देशन दिएको सशस्त्र प्रहरीका सहप्रवक्ता शैलेन्द्र थापाले जानकारी दिए। सशस्त्र मुख्यालयबाट परिचालन गरिएको सो टोलीलाई अनुगमन, निर्देशन र आवश्यक समन्वयसमेत हेडक्वार्टरबाटै हुनेछ। सशस्त्र प्रहरी निरीक्षकको कमाण्डमा सो टोली जेठ २७ गते त्यसतर्फ प्रस्थान गरेको थियो। केही दिनयता सो क्षेत्रमा बाजुरा र हुम्लाका नागरिकबीच सामान्य विवाद उत्पन्न भएको थियो।

# महेन्द्रनगरमा एथ्लेटिक्स ट्र्याकदेखि क्रिकेट मैदानसम्म निर्माण हुँदै

**युग संवाददाता**
**महेन्द्रनगर, ४ असार ।**

कञ्चनपुरका खेलकुद पूर्वाधारमा बजेट विनियोजन भएपछि धमाधम संरचना निर्माण अघि बढेको छ। जिल्ला खेलकुद समिति कञ्चनपुरका अनुसार यहाँ क्रिकेट मैदान, एथ्लेटिक्सका लागि चार सय मिटर ट्र्याक र हक्कीका लागि खेल मैदान निर्माण भइरहेको छ।

जिल्ला खेलकुद समितिका कार्यालय प्रमुख गोपालदत्त भट्टले सुदूरपश्चिम प्रदेश सरकारको लगानीमा चालु आर्थिक वर्षमा खेल संरचना निर्माण भइरहेको बताए। जसका लागि क्रिकेट मैदानको माटो भरानका लागि रु ५० लाख, चार सय मिटर ट्र्याकका लागि रु २५ लाख र हक्की खेल मैदान निर्माणका लागि रु १५ लाख विनियोजन भएको छ। त्यस्तै बक्सिङ्ग प्रशिक्षण केन्द्रको जिर्णोद्धारमा समेत प्रदेश सरकारले काम गरिरहेको छ।

आगामी आर्थिक बर्ष २०८३/८४ का लागि केन्द्र सरकारबाट यहाँ क्रिकेट मैदान निर्माणका लागि रु तीन करोड बजेट बिनियोजन भएको छ। जिल्ला क्रिकेट सङ्घका अध्यक्ष वीरेन्द्रबहादुर चन्दले क्रिकेट मैदानका लागि बजेट आइसकेको बताउँदै त्यसको छरितो कार्यान्वयन हुनुपर्नेमा जोड दिए।

"महेन्द्रनगर क्रिकेट खेलाडीको उत्पादनको भूमि हो भन्ने कुरा राष्ट्रिय स्तरमा यहाँका खेलाडीहरूको उपस्थितीबाट पनि प्रमाणित हुन्छ", अध्यक्ष चन्दले भने, "अब क्रिकेट मैदान बने थप प्रतिभावान खेलाडी उत्पादन हुनेमा सहज हुनेछ।" उनले हाल प्रदेश सरकारबाट बिनियोजित रकम रु ५० लाखले मैदानमा माटो भरानको काम भइरहेको बताए।

"यसअघि केन्द्र र प्रदेश सरकारबाट बिनियोजित रु २ करोड रकम माटो भरानमै सकियो", उनले भने, "अब आउने बजेटमा मैदान निर्माण, जेन्जिङ्ग रुम र मिडिया हाउसलगायतका संरचना बनाउने योजना छ।" महेन्द्रनगरमा हाल १२/१३ खेलको नियमित प्रशिक्षण हुदै आएको छ। यहाँ कवड्डी, सितोरियो कराँते, तेक्वान्दो, भलिबल, बक्सिङलगायतका खेलका आफ्नै भौतिक पूर्वाधार निर्माण भइसकेका छन्। हालै प्रदेश सरकारकै सहयोगमा कुस्ती खेलको पनि प्रशिक्षण हल निर्माण अन्तिम चरणमा छ।

कञ्चनपुर जिल्ला खेलकुद समितिका अध्यक्ष ज्ञानेन्द्रबहादुर सिंहले खेलकुदको विकास विस्तार एवं पुर्वाधार निर्माणका लागि प्रदेश सरकारसित बजेट माग गरिएको बताए। "यसपाली खेल पूर्वाधार निर्माणमा ट्र्याक आधुनिक स्तरको बनाउन थप तीन करोड बजेट माग गरेका थियौ," अध्यक्ष सिंहले भने।

उनले आगामी आर्थिक वर्षका लागि प्रदेश सरकारसँग रु साढे ६ करोड माग गरेको बताए। अध्यक्ष सिंहले कञ्चनपुरका स्थानीय तहसँग पनि खेलकुदको विकासका लागि सहकार्य गर्ने गरी प्रस्ताव लगिने बताए।

# सिक्टा सिँचाइ आयोजनाले नहरमा नियमित पानी छोड्न थालेपछि...

**युग संवाददाता**
**बाँके, ४ असार ।**

बाँकेमा निर्माणाधीन सिक्टा सिँचाइ आयोजनाले नहरमा नियमित पानी छोड्न थालेपछि यहाँका किसान खुसी हुन थालेका छन्। राप्तीसोनारी गाउँपालिका-२ अगैयास्थित राप्ती नदीमा बाँध निर्माण गरी सञ्चालन गरिएको सिक्टा सिँचाइ आयोजनाले मर्मतसम्भारको समयावधिबाहेक किसानको मागअनुसार बाह्रै महिना नहरमा नियमित पानी छोड्ने गरेको छ।

किसानको मागअनुसार सिँचाइको अभाव हुन नदिन नहरमा बाह्रै महिना नियमित पानी छोड्दै आएको सिक्टा सिँचाइ आयोजनाका सूचना अधिकारी सिनियर डिभिजनल इन्जिनियर मनोजकुमार साहले जानकारी दिए।

"हामीले किसानको आवश्यकतालाई सर्वोपरि ठानेर मर्मतसम्भारको समयबाहेक उहाँहरूको मागअनुसार बाह्रै महिना नहरमा पानी उपलब्ध गराउँदै आएका छौँ", उनी भन्छन्, "यसले गर्दा किसानले समयमै धान, गहुँ मात्र होइन, व्यावसायिक रूपमा बेमौसमी तरकारीखेती गरेर आर्थिक लाभ लिन थाल्नुभएको छ।"

उनका अनुसार, राप्तीसोनारी गाउँपालिका-२ अगैयास्थित राप्ती नदीमा बाँध निर्माण गरी सञ्चालन गरिएको आयोजनाले जिल्लाको ४२ हजार ७६६ हेक्टर जमिनमा सिँचाइको लक्ष्य लिएको आयोजनाले हालसम्म २४ हजार हेक्टर जमिनमा प्रत्यक्ष रुपमा नियमित सिँचाइ सुविधा पुऱ्याएको छ।

विगतमा आकाशे पानीको भरमा धानखेती गर्दै आएका राप्तीसोनारी गाउँपालिका, कोहलपुर नगरपालिका र बैजनाथ गाउँपालिकाका किसानले सिँचाइको नियमित सुविधा पुगेपछि अहिले समयमै धानको बीउ राख्न पाएका छन्। हालसम्म पर्याप्त वर्षा नभए पनि सिक्टाको सिँचाइ पुगेको क्षेत्रमा किसानहरूले धानको बीउ हुर्काइसकेको राप्तीसोनारी गाउँपालिका७ का वडाध्यक्ष रामलखन थारुले बताए। उनले राप्तीसोनारीको वडा नं ६ र ७ फत्तेपुरक्षेत्रका किसानले समयमै धानको बीउ राखिसकेको उल्लेख गर्दै सिक्टा सिँचाइ आयोजना किसानको लागि वरदान सावित भएको बताए।

भूकम्पबाट जोगिन सचेत बनौं।
- भूकम्प पूर्वसूचना बिना आउँछ, सावधानी अपनायौं भने ज्यान जोगाउन सकिन्छ।
- भूकम्पको बेला जोगिने उपायहरुको पूर्वअभ्यास गरौं।
- आफ्नो घरको संरचना ख्याल गर्दै भूकम्प प्रतिरोधी बनाऔं।
- परिवार र समुदायलाई भूकम्प सुरक्षाबारे जानकारी गराऔं।
- भूकम्प आउँदा सुरक्षित स्थानमा बसौं।

आजको सतर्कता, भोलीको सुरक्षा,
भूकम्पसुरक्षा अपनाऔं, जीवन बचाऔं।

कर्णाली प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय
वीरेन्द्रनगर, सुर्खेत।

कृषि उत्पादन वृद्धि गरौं, खाद्य सुरक्षा सुनिश्चित गरौं।
- कृषि पेशाको सम्मान र प्रवर्द्धन गरौं,
- आधुनिक प्रविधिको प्रयोग गरी धान उत्पादन वृद्धि गरौं,
- उन्नत बीउ, मल तथा सिँचाइको उचित प्रयोग गरौं,
- जमिनको सदुपयोग गरी खेतीयोग्य भूमि संरक्षण गरौं,
- कृषि उत्पादनलाई प्राथमिकता दिई कृषकलाई प्रोत्साहन गरौं,
- विषादीको सुरक्षित र सन्तुलित प्रयोग गरौं,
- स्थानीय जातका धानहरुको संरक्षण र प्रवर्द्धन गरौं,
- व्यवसायिक कृषि प्रणालीमार्फत कृषिमा आत्मनिर्भर बनौं।

खाद्यान्नको उत्पादन, वितरण, पहुँच र दिगोपना सुनिश्चित गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर
हाम्रा विशेषताहरु
- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफनै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्स्टिच्यूट
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)

घरायसी सामानहरुका लागि :
भवानी अर्डर एण्ड सप्लायर्स
वीरेन्द्रनगर-६, सुर्खेत,
सम्पर्क नं. ९८४८२१५६००, ९८५८०२२७१८

हामी कहाँ मिक्चर, ग्याँस चुल्हो, राइसकुकर, कराई, कोला बोतल, फिल्टर, थर्मस, ईलेक्ट्रिक जग, थर्मस, आइरन, फेन, डिस्पेन्सरका साथै विभिन्न ब्राण्डका एसी.टि.भी. फ्रिज थोक तथा फुटकर मुल्यमा पाईन्छ ।

मिस्त्री गुरुङ्ग दाई
हेमराज बुढा
९८५८०५५६२९
९८५१३२९१६९
९८४९३२१४४२
भवानी अटो वर्कसप
वीरेन्द्रनगर-१२, एयरपोर्ट चोक, सुर्खेत
TOYOTA | BYD | Mahindra | FORCE | ISUZU | FOTON | TATA
Servicing | Repair | Denting | Panting | Washing

हाम्रा सेवाहरु
- गाडीको डेण्ट, पेन्ट, प्लाष्टिक वल्डिङ्ग
- चार पाङ्ग्रे सबै गाडीको इन्जिन मर्मत गर्नुका साथै बोरिङ गरिन्छ ।
- बाटोमा, घरमा गाडी बिग्रिए सोही ठाउँमा पुगेर मर्मत गरिन्छ ।
- डिजेल, पेट्रोल र इलेक्ट्रोनिक्स गाडीका पार्टस् पाउनुका साथै अनुभवी, दक्ष मिस्त्रीबाट मर्मत गरिन्छ ।
- गाडी वासिङ (धुलाई) सरसफाई गरिन्छ ।
- सबै खाले गाडी तथा ड्राइभर (चालक) भाडामा चाहिएमा हामीलाई सम्झनुहोस् ।


युगआव्हान दैनिकका लागि प्रकाशक/सम्पादक: दीपककुमार बुढा क्षेत्री, कार्यकारी सम्पादक: ओम बहादुर शाही, प्रधान कार्यालय: वीरेन्द्रनगर, सुर्खेत, कर्पोरेट: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
शाखा कार्यालय: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अतरिया-धनगढी, कैलाली फोन: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ मुद्रण: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।